प.सं. च.नं./Ref:

प्रेस-विज्ञप्ति

२०७४-०१-१५

**कलसेन्टर र मोवाइल एप्प संचालनमा**

काठमाडौं, १५ वैशाख । निर्वाचन आयोगले स्थानीय तह निर्वाचनका लागि आजदेखि कलसेन्टर र मोवाइल एप्प संचालनमा ल्याएको छ ।

आयोगमा आज आयोजित कार्यक्रममा माननीय प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवले कलसेन्टर र मोवाइल एप्पको संचालन शुभारम्भ गर्नुहुँदै स्थानीय तह निर्वाचन सम्बन्धी जिज्ञासालाई सम्बोधन गर्न कल सेन्टर संचालनमा ल्याइएको जानकारी दिनुभयो ।

प्रमुख निर्वाचन आयुक्त डा. यादवले आयोगले संचालनमा ल्याएको मोवाइल एप्पबाट मोवाइल प्रयोगकर्ताले निर्वाचन कार्यक्रम, मतदाताको विवरण, मतदान स्थल र केन्द्रको जानकारी, उम्मेद्वारको विवरण, मत परिणाम लगायतका विभिन्न १० विषयमा जानकारी पाउन सक्ने बताउनुभयो ।

उहाँले आयोगले संचालनमा ल्याएको कलसेन्टर र मोवाइल एप्पको प्रभावकारी संचालनमा विशेष ध्यान दिन सम्वद्ध कर्मचारीहरुलाई निर्देशन दिनुभयो ।

निर्वाचन आयोगका सूचना प्रविधि महाशाखा प्रमुख एवं सहसचिव लक्ष्मीप्रसाद यादवले आयोगले संचालनमा ल्याएको एप्पबाट निर्वाचन सम्बन्धी जानकारीहरु नेपाली र अग्रेजी दुवै भाषामा सरलरुपमा पाउन सकिने बताउनुभयो ।

स्थानीय तहको निर्वाचनमा सूचना प्रवाहलाई चुस्त र प्रविधिमैत्री तुल्याउने सन्दर्भमा निर्वाचन आयोगले कल सेन्टर र मोवाइल एप्प सञ्चालनमा ल्याएको हो । कान्तिपथस्थित आयोगको कार्यालयमा संचालनमा ल्याइएको कल सेन्टरबाट मतदाता र सरोकारबालाहरुका प्रश्न तथा जिज्ञासाको जवाफ १६६००१४४२२२ नम्वरबाट तत्काल प्राप्त हुने छ । नेपाल टेलिकमको नेटवर्कबाट उक्त नम्वरमा फोन गर्दा कुनै शुल्क लाग्ने छैन ।

कल सेन्टर २०७४ वैशाख १५ गतेदेखि आगामी असार ३ गतेसम्म विहान ८ वजेदेखि बेलुकी ८ बजेसम्म सञ्चालन हुने छ । ECN App आयोगको वेभसाइट www.election.gov.np वा Android मोवाइलको प्लेस्टोर वा IOS एप्पल मोवाइलको एप्प स्टोरबाट डाउनलोड गरी इन्स्टल गर्न सकिने छ ।

कार्यक्रममा माननीय निर्वाचन आयुक्तहरु इला शर्मा, नरेन्द्र दाहाल, इश्वरीप्रसाद पौड्याल र सुधीरकुमार शाह तथा आयोगका सचिव गोपीनाथ मैनाली उपस्थिति थियो ।

सहसचिव एवं प्रवक्ता

सूर्यप्रसाद शर्मा

कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं. (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-Mail: info@election.gov.np, Website: www.election.gov.np
"फोटो सहितको मतदाता नामावलीमा नाम दर्ता गरौं ।"